# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान
## शिक्षाध्यक्षको कार्यालय
कर्णाली प्रदेश, जुम्ला, नेपाल ।

## स्नातक तहको मिडवाईफ्री (Bachelor in Midwifery) अध्ययनको लागि आवेदन सम्बन्धी सूचना

(प्रकाशित मिति : २०७५/४/१० गते बिहिवार)

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपालको अन्तरिम संविधान २०६३ को धारा ६३ बमोजिम छुट्टै ऐनद्वारा वि.स. २०६८ मा स्थापित स्वायत्त विश्वविद्यालय स्तरको प्राज्ञिक संस्था हो । यस प्रतिष्ठानले आफ्नै स्कुल अफ नर्सिङ्ग एण्ड मिडवाईफ्रेरी अन्तर्गत स्नातक तहको मिडवाईफ्रेरी **(Bachelor in Midwifery)** तहमा शैक्षिक सत्र २०७५/०७६ को लागि प्रतिस्पर्धात्मक प्रवेश परीक्षाको माध्यमबाट विद्यार्थी छनौट गर्नुपर्ने भएकोले तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट आवेदन आव्हान गरिएको छ ।

१. **आवश्यक न्यूनतम योग्यता :** प्रमाणपत्र तह नर्सिङ्ग पास गरी मान्यता प्राप्त स्वास्थ्य संस्थामा कम्तिमा १ बर्ष काम गरेको हुनुपर्नेछ ।

२. नेपाल नर्सिङ्ग परिषद्मा दर्ता गरेको हुनुपर्नेछ ।

३. आरक्षित कोटामा सामेल हुनका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐनमा तोकिएका जिल्लाहरु (जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, अछाम, बजाङ, जाजरकोट र बाजुरा) का विद्यार्थीहरुले पाउनेछन् ।

४. **आवेदन फारम :** आवेदन फारम कृषि विकास बैंकको कुनै पनि शाखाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको नाममा रहेको खाता नं ०७२१३००६२७९७१०१४ मा १०००/- (अक्षरुपी एक हजार मात्र) जम्मा गरेको सक्कल भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ ।

५. आवेदन फारम मिति २०७५ साल श्रावण १० गते देखि भाद्र ८ गते सम्म, बिहान १०:०० बजे देखि अपरान्ह ५:०० बजे सम्म खरिद गर्न तथा बुझाउन सकिनेछ र बिलम्ब शुल्क १०००/- (अक्षरुपि एक हजार मात्र) तिरी २०७५ भाद्र १५ गते सम्म फारम खरिद तथा बुझाउन सकिनेछ ।

६. **आवेदन फारम पाइने स्थानहरु :** (क) प्रतिष्ठानको केन्द्रीय कार्यालय, जुम्ला (ख) प्रतिष्ठानको सम्पर्क कार्यालय, महालक्ष्मीस्थान, ललितपुर (ग) मध्यपश्चिम क्षेत्रिय अस्पताल, विरेन्द्रनगर, सुर्खेत ।

७. **परीक्षा दस्तुर :** परीक्षा दस्तुर बापत रु. १०००/- (अक्षरुपि एक हजार) कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्लाको नाउँमा रहेको खाता नं ०७२१३००६२७९७१०१४ मा १०००/- (अक्षेरुपी एक हजार मात्र) जम्मा गरेको सक्कल भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ । फारम र प्रवेश परीक्षा दस्तुर बापत बुझाएको रकम फिर्ता हुने छैन ।

८. **परीक्षा केन्द्र :** केन्द्रीय कार्यालय जुम्ला ।

९. **परीक्षा केन्द्रको स्थान :** आवेदन फारम बुझाउन आउँदा जानकारी गराईनेछ ।

१०. **परीक्षा मिति र समय :** २०७५/०५/२३ गते शनिबार बिहान १०:०० बजे ।

११. **परीक्षाको किसिम :** वस्तुगत प्रश्नपत्रको लिखित परीक्षा ।

थप जानकारीका लागि प्रतिष्ठानको वेभ साईट **www.kahs.edu.np** मा हेर्न हुन वा केन्द्रीय कार्यालय जुम्लाको फोन.नं ०८७-५२०६११ र ०८७-५२०३५५ वा सम्पर्क कार्यालय, महालक्ष्मीस्थान, ललितपुरको फोन. नं ०१- ५१७०६२२, मा बिहान १०:०० देखि अपरान्ह ५:०० बजे सम्म सम्पर्क गर्न सकिनेछ ।

**नोट :** प्रोस्पेक्टसमा उल्लेख भए अनुसारका कागजातहरु आवेदन फारमको साथमा पेश गर्नुपर्ने छ । अन्यथा फारम बुझिने छैन ।